धुर्कोट गाउँपालिका

गुल्मी जिल्ला, लुम्बिनी प्रदेश, नेपाल

# धुर्कोट राजपत्र


| | | |
|---|---|---|
| खण्ड : ७ | भाग : १ | मिति : २०८०/१०/२२ |

# धुर्कोट गाउँपालिकाको शिक्षा ऐन,२०७४
## संशोधन सहित (पहिलो संशोधन-२०८०/१०/२२)

धुर्कोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बर्बोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## धुर्कोट गाउँपालिकाको शिक्ष ऐन,२०७४

**गाउँ सभाबाट स्वीकृत मिति : २०७४/०९/०९**

**१. पहिलो संशोधन मिति : २०८०/१०/२२**

**प्रस्तावनाः**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक संस्थाहरुको व्यवस्थापनमा सुधार गरी गुणस्तरीय तथा जीवनोपयोगी शिक्षाको अवसर वृद्धि गर्न वाञ्छनीय भएकोले,

"नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम गाउँपालिकाको गाउँसभाले यो ऐन जारी गरेको छ।

### परिच्छेद- एक

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम " शिक्षा ऐन, २०७४" रहेको छ।

(२) यो ऐन धुर्कोट गाउँपालिका भर लागू हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ख) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ग) "गाउँपालिका" भन्नाले धुर्कोट गाउँकार्यपालिकालाई सम्झनुपर्छ।

(घ) "गाउँ सभा" भन्नाले धुर्कोट गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

***** (ङ) "गाउँपालिका प्रमुख" भन्नाले गाउँपालिकाको अध्यक्षलाई जनाउछ।

(च) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा शारीरिकअपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनु पर्छ।

(छ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(ज) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान,सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसायउन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

(झ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ञ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

* पहिलो संसोधनबाट थपिएको ।

(ट) "शिक्षक" भन्नाले विद्यालयमा सिकाइ सहजीकरण गर्न नियुक्त अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(ठ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ड) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ढ) "स्वीकृति" भन्नाले तोकिएबमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ण) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(त) "शैक्षिक गुठी" /धार्मिक विद्यालय भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति तथा संघ सस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(थ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(द) "प्रारम्भिक बालशिक्षा" भन्नाले पाँचवर्ष मुनिका बालबालिकालाई दिइने प्रारम्भिक बाल शिक्षा सम्झनुपर्छ ।

## परिच्छेद- दुई

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

३. माध्यमिक शिक्षाको प्रकारः माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा ।

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

४. शिक्षाको माध्यमः

(१) ™विद्यालयमा शिक्षाको माध्यम नेपाली वा अंग्रेजी वा नेपाली अंग्रेजी दुबै भाषामा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) आधारभूत (कक्षा ५) सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ,,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

५. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :

™ **पहिलो संसोधनबाट संसोधन ।**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

६. विद्यालयको प्रकार विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय/धार्मिक विद्यालय

७. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्नेः

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिससहित गाउँपालिको प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) ™ उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समितिको निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले अनुमति दिनेछ ।

(३) ™उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालना गरेको देखिएमा सिफारिसमा गाउँ शिक्षा समितिको निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी ,धार्मिक अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(५) ™उपदफा (४) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदनउपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिको निर्णयमा प्रमुख प्रशासकिय अधिकृतले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्ट) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

™ **पहिलो संसोधनबाट संसोधन**

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा आधारभूत तहका लागि गाउँ शिक्षा समितिको सिफरिसमा प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा गाउँपालिका प्रमुखबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछन् ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । (११) विद्यालय सञ्चालन तोकिए वमोजम हुनेछ ।

८. गाउँपालिकाले प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ ।

९. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ

समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालयसमेत सञ्चालन हुन सक्नेछ ।

१०. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :

(१) गाउँपालिकाले तोकिएको मापदण्डबमोजिम हाल सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

*(२) भूगोल र नजिकको विद्यालयको दुरी समेत मध्यनजर गरी एउटा कक्षामा दुई अंकको विद्यार्थी संख्या नभएमा कक्षा घटाउने वा नजिकको विद्यालयमा समायोजन गर्न सकिने छ ।

(३) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँपालिकामा स्वीकृतिका लागि पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश हुने आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

५) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा ५००००००।– (पचासलाख रुपैयाँ मात्र), आधारभूत तहको हकमा ३००००००।( तिस लाख रुपैया मात्र) रुपैया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

११. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष - सह संयोजक

* पहिलो संसोधनबाट थपीएको

(ग) गाउँ कार्य पालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक - सदस्य

™ (घ) गाउँपालिकाले तोकेको गाउँ सभाका सदस्यहरु मध्येबाट कम्तिमा एक जना महिला पर्ने गरि तीन जना - सदस्य

(ङ)विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(च) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरुमध्येबाट गाउँकार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला र दलित सहित तिन जना - सदस्य

(छ) सामुदायिक वा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको दुईजना - सदस्य

(ज) गाउँपालिका शिक्षक महासंघको अध्यक्ष - सदस्य

(झ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

® (ञ) .............................................

™ (ट) गाउँ पालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य सचिव

(२) समितिका मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

(३) उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टीकरणको मौकावाट वञ्चित गरिने छैन ।

(४). गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(ज) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(झ) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने

® **पहिलो संसोधनबाट झिकिएको ।**

™ **पहिलो संसोधनबाट संसोधन ।**

(ट) शिक्षाको सामाजिक परीक्षण गर्ने एवम् शिक्षाको अनुगमन तथा सुपरिवेक्षणको प्रवन्ध गर्ने ।

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ,

(ण) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, हौसला, पुरस्कार, नसिहत, दण्ड, कारवाही गर्ने गराउने ।

(त) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(थ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृति र अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

(द) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँपालिकामा पेस गर्ने ।

(ध) विद्यालयमा विषयगत दरवन्दी मिलान गर्ने तथा शिक्षकहरुको सरुवा व्यवस्थापन गर्ने ।

(न) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

(प) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(फ) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागू गर्ने, गराउने ।

(ब) शिक्षक तालिम नीति तर्जुमा गरी लागू गर्ने ।

(भ) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा  परामर्श दिने ।

(म) विद्यालयहरुलाई सक्षमतामा अधारित (Performance Based) अनुदान दिने ।

(य) विद्यालयका शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोत्साहनसहित स्वेच्छिक अवकाशको प्रवन्ध गर्ने ।

*(र) तोकिएका कक्षाको उपलब्धि मापन परीक्षा सञ्चालन गर्ने र सोका आधारमा विद्यार्थी र विद्यालयलाई प्रोत्साहन गर्ने ।

(ल) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

१२. शिक्षा अधिकृतको काम कर्तव्य र अधिकार

(१) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेस गर्ने

(२) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने

(३) विद्यालय तथा शैक्षिक सस्थाहरुको अनुगमन , निरीक्षण तथा सुरिवेक्षण गर्ने, गराउने

(४) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

* **पहिलो संसोधनबाट थपिएको ।**

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने

(६) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकामा निर्वाह गर्ने

(७) शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१३. वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ :

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| (ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना | सदस्य |
| (ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना | सदस्य |
| ™(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापकहरु मध्येबाटगाउँ शिक्षा समितिले तोकेको तीन जना | सदस्य |
| (ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना | सदस्य |
| (च) सम्बन्धित वडाका वडा सचिव | सदस्य |
| (छ) लिडर विद्यालयको प्रधानाध्यापक | सदस्य सचिव |

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।

(ख) आफ्नो वडा भित्र सञ्चालन हुने परीक्षालाई शुद्ध मर्यादित र ब्यवस्थित बनाउन सहयोग गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।

*(च) विद्यालयमा शिक्षाको गुण्स्तर बृद्धि गर्न जनचेतनामुलक कार्यक्रम, तालिम, कार्यशाला गोष्टी तथा सेमिनार गर्न प्रोत्साहन गर्ने ।

*(छ) आफ्नो वडा भित्रका सञ्चालित विद्यालयको आर्थिक तथा भौतिक स्थिति अध्ययन गरी सहयोगका लागि गाउँपालिकामा अनुरोध गर्ने ।

*(ज) विद्यालयमा स्वच्छ, शैक्षिक वातावरण कायम गर्ने गराउने ।

*(झ) प्रत्येक शैक्षिक वर्षको शुरुमै वडा शिक्षा योजना बनाई स्वीकृत गरी लागु गर्ने ।

*(ञ) सम्बन्धित वडा भित्रका शिक्षित जनशक्तिको यथार्थ अभिलेख तयार गरी अध्याबधिक गर्ने ।

*(ट) वडा भित्रका शिक्षकहरुको कार्य दक्षताको आधारमा सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने गराउने ।

*(ठ) वडा स्तरिय अतिरिक्त क्रियाकलाप तथा खेलकुद सञ्चालन गर्ने गराउने ।

™ **पहिलो संसोधनबाट संसोधन**

* **पहिलो संसोधनबाट थपिएको**

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

ढ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने ।

(ण) वडाको शैक्षिक अभिबृद्धिका लागि आवस्यक कार्यहरु गर्ने ।

(त) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन कार्यविधि आफैले निर्धारण गर्नेछ ।

(थ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

(द) गाउँ शिक्षा समितिले तोके बमोजिमका अन्य कार्य गर्ने ।

१४. विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार:

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ:-

(क) समितिका सदस्यहरूले (ख), (ग) र (ङ) मध्येबाट छानेको व्यक्ति -अध्यक्ष

(ख) विद्यालय रहेको क्षेत्रका वडा अध्यक्ष वा वडा समितिका सदस्य मध्येबाट वडा समितिले तोकेको एकजना व्यक्ति -सदस्य

(ग) अभिभावकले आफूहरु मध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना -सदस्य

(घ) अभिभावकले आफुमध्येबाट छानेको एक जना दलित अभिभाबक ( मा.वि.मा लागू हुनेछ ) . -सदस्य

(ङ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य

(च) स्थानीय शिक्षाप्रेमी मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एक जना ( मा.वि.मा लागू हुनेछ ) -सदस्य

(छ) प्राविधिक विद्यालयमा सम्बन्धित प्राबिधिक क्षेत्रको अनुभवी मध्येबाट दुई जना - सदस्य

(ज) शिक्षकहरुले आफुमध्येबाट छानी पठाएको एक जना - सदस्य

(झ) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ,तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३)सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक,धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ।

(छ) प्रचलित कानुनबमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षक पदको लागि योग्य उम्मेदवारलाई हाजिर गराइ काममा लगाउने तथा गाउँपालिकावाट स्वीकृत दवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने;

(ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने;

(झ) गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

(ञ) लेखा परीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारबाहीगर्ने र त्यसको प्रतिवेदन गाउँ ि शक्षा समितिमा पेस गर्ने,

(ट) तोकिएबमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने

(ड) तोकिए बमोजिम दरवन्दीका शिक्षकलाई विभागीय कारवाही गर्ने;

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

* (त) गाउँशिक्षा समिति , गाउँकार्यपालिका र तालुक निकायले गरेको निर्देशन पालना गर्ने

(थ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(४) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्ने छ ।

(५) गाउँ शिक्षा समितिले आवश्यक देखेमा गाउँपालिकाको सहमतिमा एकभन्दा बढी विद्यालयहरुको संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरी व्यवस्थापन गर्न सक्ने छ ।

१५. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था :

(१) प्रत्येक विद्यालयका शिक्षक र अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ ।

(२) व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरू समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक-अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(३) स्रोत कक्षा सञ्चालित विद्यालयमा उपनियम (२) बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा अपाङ्गता भएका विद्यार्थीका कम्तीमा एक जना अभिभावक हुनु पर्नेछ ।

™ (४) उपनियम (२) र (३) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(५) उपनियम (२) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपनियम (२) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा शिक्षकको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) यस नियमावली बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा शिक्षक, विद्यार्थी र अभिभावक बीच नियमित अन्तरक्रिया गर्ने ।

* (घ) विद्यालयको सामाजिक परीक्षण गर्ने गराउने ।

*(ङ.) विद्यार्थी भर्ना तथा अभिभावक अन्तरक्रिया गर्न सहयोग गर्ने ।

*(च) विद्यार्थीको सिकाइ उपलब्धिको बृद्धि गर्न सहयोग गर्ने ।

(७) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस नियम बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ ।

™ पहिलो संसोधनबाट संसोधन ।

* पहिलो संसोधनबाट थपिएको ।

## परिच्छेद- ३

## विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारीको दरवन्दी, सेवा शर्त, योग्यता

१६ गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्ति भएको शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ । यसरी नियुक्त भएको शिक्षकको सेवा सुविधा गाउँपालिका मार्फत भुक्तानी गर्नुपर्नेछ ।

१७. शिक्षकको सेवा शर्त, योग्यता :

शिक्षकको सेवा शर्त, योग्यता तोकिए बमोजिम हुनेछ ।

™१८.स्थायी अध्यापन अनुमति पत्र लिनु पर्ने :

अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैनन् । तर तेस्रो पटक सम्म विज्ञापन गर्दा पनि अध्यापन अनुमति पत्र प्राप्त उम्मेदवार उपलब्ध हुन नसकेमा माथिको शर्त लागूहुने छैन ।

१९. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँ पालिकामा सिफारिस गर्नेछः-

(क) विना सूचना लगातार पन्ध्र दिन सम्म विद्यालयमा अनुपस्थित रहेमा,

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(च) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका भने प्रदान गरिने छ ।

२०. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :

(१) दफा १९ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम नोकरीमा पुनः बहाली हुन सक्नेछ।

™ **पहिलो संसोधनबाट संसोधन ।**

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

२१. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने : दफा १९ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

२२. स्थायी आवासीय अनुमति लिन नहुने : सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई तोकिए बमोजिम दण्ड तथा सजाय हुनेछ ।

## परिच्छेद- ४

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृत्ति विकास

२३. शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति

(१) विद्यालयमा कायम भएको रिक्त दरवन्दी वा राहत शिक्षक पदमा अस्थायी तथा करार नियुक्ति गर्न गाउँपालिकामा गाउँपालिकाको निर्णय बमोजिम एक पदपूर्ति समिति रहनेछ । सो समितिले गाउँ कार्यपालिकाबाट पारित कार्यविधि बमोजिम अस्थायी तथा करार नियुक्तिको व्यवस्था गर्नेछ।

® (२) ...............................

(३) विद्यालय कर्मचारी तथा बाल विकास शिक्षक नियुक्ति : विद्यालयमा कायम रहेको रिक्त कर्मचारी तथा बालविकास शिक्षकको नियुक्ति गर्न देहायबमोजिमको छनौट समिति रहने छ।

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष :- संयोजक

(ख) सूचिकृत रोस्टर मध्येबाट गाउँशिक्षा समितिको अध्यक्षले तोकेको एक जना व्यक्ति :- सदस्य

™ (ग) गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख :- सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक :- सदस्य सचिव

*(४). विद्यालयको सञ्चालन व्यवस्थापन तथा जनशक्ति व्यवस्थापनमा सङ्घ सस्थाहरुसंग साझेदारी गर्न सकिने छ।

२४. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ।

(२) प्रधानाध्यापकको नियुक्ति देहाय बमोजिम विद्यालय व्यवस्थापन समितिले गर्नेछ।

(३) सेवा, सर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) माध्यमिक तह कक्षा १२ सम्ममा प्रधानाध्यापक हुन स्थायी शिक्षक तथा स्नातकोत्तर उपाधि प्राप्त गरेको हुनु पर्नेछ। सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापक नियुक्ति विद्यालय व्यवस्थापन समितिबाट गरिनेछ।

™(ख) माध्यमिक तह कक्षा १० सम्ममा प्रधानाध्यापक हुन स्थायी, तथा स्नातक उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापक नियुक्ति विद्यालय व्यवस्थापन समितिकाबाट गरिनेछ ।

® **पहिलो संसोधनबाट झिकिएको ।**

™ **पहिलो संसोधनबाट संसोधन ।**

* **पहिलो संसोधनबाट थपिएको ।**

™ग) आधारभूत तहमा स्थायी, तथा स्नातक उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापक नियुक्ति विद्यालय व्यवस्थापन समितिबाट गरिनेछ ।

घ) प्रधानाध्यकपले नियुक्ति हुनु पूर्व तीन बर्षे विद्यालय सूधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्ने छ ।

ङ) प्रधानाध्यापकको अवधि तोकिए बमोजिम हुनेछ ।

च) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

छ) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा गाउँ शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टीकरणको मौका दिईनेछ ।

ज) प्रधानाध्यापकको काम कर्तब्य र अधिकार तोकिए अनुसार हुनेछ ।

२५. शिक्षकको  सरुवाः

™ (१) गाउँपालिकाभित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दीमा विद्यालय व्यवस्थापन समितिको सहमतिमा गाउँपालिकाको निर्णय अनुसार  प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

(२) यसरी सरुवा गर्दा समान तहका र विद्यालयको आवश्यकताअनुसार विषय मिल्ने देखिएका स्थायी र स्थायी विच ,करार र करार विच र राहत र राहत विच  पनि पारस्परिक सरुवा हुन सक्ने छ ।

® (३)........................................

(४) गाउँपालिका भन्दा बाहिर समान पद , तह र विषय मिल्ने देखिएमा स्थायी र स्थायी विच ,करार र करार विच र राहत र राहत विच  पनि पारस्परिक सरुवा हुन सक्ने छ । सो सरुवा गाउँ शिक्षा समितिको निर्णयको आधारमा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(५) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने,  विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

२६.दरवन्दी मिलानः

* (१) कुनै पनि विद्यालयमा स्वीकृत विषयका तहगत दरबन्दी आधारभूत तह (६ -८) माध्यमिक तह (९- १२) का शून्य हुने गरी विषयगत दरबन्दी हेरफेर वा परिवर्तन गर्न पाइने छैन ।

* (२) उपदफा १ मा जुनसुकै कुरा लेखिएतापनि कुनै विद्यालयमा आधारभूत तथा माध्यमिक तहका विद्यालयमा एउटा विषयगत दरबन्दी स्वीकृत भइ रिक्त भएको रहेछ भने विद्यालयको आवश्यकता  अनुसार विषयगत दरबन्दी परीवर्तन गर्न सकिने छ ।

(३) विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको दिद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा गाउँ शिक्षा समितिले दरवन्दी मिलान गर्न सक्ने छ ।

(४) यसका लागि शिक्षक कम भएका विद्यालय, अनुदानका शिक्षक नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइने छ ।

२७. शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागु भएको कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका शिक्षकहरुको सेवा सर्त तथा बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

® **पहिलो संसोधनबाट झिकिएको ।**

™ **पहिलो संसोधनबाट संसोधन ।**

* **पहिलो संसोधनबाट थपिएको ।**

२८. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :

शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारको नीति तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

२९. शिक्षकलाई अन्य काममा लगाउन नहुने :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

## परिच्छेद- ५

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

३०. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परिक्षण, छात्राहरुलाई सेनिटरी प्याड र सोको उचित व्यवस्थापन जस्ता न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ ।

३) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४) प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ ।

३१. विद्यालयको सम्पत्तिः

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमाकुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ पालिकाको अनुमति लिनु पर्नेछ ।तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि प्रचलित कानुन बमोजिम पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन ।

® ३२.........................................

® **पहिलो संसोधनबाट झिकिएको ।**

*३२. अक्षयकोष सम्बन्धी व्यवस्था :

१) विद्यालयमा कुनै व्यक्ति वा संघ सस्थाको नाममा अक्षयकोष स्थापना गर्न सक्नेछ ।

२) अक्षयकोष विद्यालयको चल सम्पत्तिको रुपमा रहने छ ।

३) विद्यालयले अक्षयकोष व्यवस्थापन गाउँपालिकाको अक्षयकोष संचालन कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

३३. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

®(१)..................................

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहने छ ।

*४) विद्यालयको भौतिक संरचना निर्माण गर्दा कुनै विकास साझेदार दाता वा गैर सरकारी सस्थाले विद्यालयको सहभागितामा गाउँपालिकाले साझेदारी गर्न सक्नेछ ।

३४. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

™(२) आफ्ना क्षेत्र भित्रका विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र खरीद गरी पठनपाठनको बन्दोबस्त गर्नुपर्नेछ ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४)आधारभूत तहसम्मको शिक्षा लागि स्थानीय आवश्यकतामा आधारित १०० पूर्णाङ्क वा ४ केडिट आवर बराबरको स्थानीय विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याईनेछ ।

५) विद्यालयमा बहु पाठ्यपुस्तक लागू हुनेछ । पाठ्पुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागु गर्न सक्ने छ ।

६) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

३५. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :

१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्ने छ ।

२) विद्यालयले बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभा मूखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

*३) गाउँपालिका स्तरिय विभिन्न दिवस तथा समारोहको अवसरमा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न सक्नेछ ।

® पहिलो संसोधनबाट झिकिएको

™ पहिलो संसोधनबाट संसोधन

* पहिलो संसोधनबाट थपीएको

## परिच्छेद -६

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमनसम्बन्धी व्यवस्था

३६. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृति लिनु पर्नेछ ।

३७. संस्थागत विद्यालयको व्यवस्थापन समिति

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमागाउँपालिकाबाट मनोनित - अध्यक्ष

(ख) अभिभावकहरूमध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य;

(घ) सम्बन्धित गाउँपालिकाको शिक्षा शाखा प्रमुख - सदस्य;

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना -सदस्य;

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ , तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

३८. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

१)संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालनगर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकावाट जारी शिक्षाक्षेत्रसँग सम्बन्धित सवै नीति,नियम, तथा निर्देशनहरूको पालना गर्ने;

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३९. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरीतोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावक प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समितिरहनेछ ।

(३) समितिले छनौटको लागि आधार, सर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ सार्वजनिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

. अनुगमन तथा मूल्याङ्कन

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समिति ले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

४०. अनुमति वा स्वीकृति रद्द गर्ने : कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ ,तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद- ७

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४१. गाउँपालिका क्षेत्र भित्र पर्ने विद्यालयको परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहने छ ।

| | |
|---|---|
| (क) गाउँशिक्षा समितिको अध्यक्ष | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ™(ग) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (घ) प्रमुख, सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय | सदस्य |
| (ङ) शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

(१) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धि कार्यविधि तयार गरी सो समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) स्थानीय तहको क्षेत्राधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्बन्धित निकायबाट भएको व्यवस्था बमोजिम समितिले समन्वयमा सहजिकरण गर्नेछ ।

*(३) कक्षा ५ र ८ को परीक्षा गाउँपालिका स्तरीय हुने छ ।

™(४) कक्षा ५ र ८ को परीक्षा सञ्चालन शिक्षा समितिबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ । समितिले परीक्षामा सहयोग लिन सक्नेछ ।

™ **पहिलो संसोधनबाट संसोधन**

* **पहिलो संसोधनबाट थपीएको**

*(५) परीक्षामा एकरुपता ल्याई संचालनका लागि परीक्षा उप समिति गठन गर्न सकिने छ । .

*६) कक्षा ३, ५ र ८ का विद्यार्थीहरुलाइ उपलब्धि मापन सम्बन्धी परीक्षा शैक्षिक सत्रको अन्त्यमा गाउँपालिकाबाट लिइनेछ ।

## परिच्छेद - ८

## विद्यालयलाई दिईने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन,

४२. विद्यालय कोषः (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिएबमोजिमहुनेछ ।

**४३.** अनुदानको व्यवस्था :

™(१) तोकिएको सर्तको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

® (२) ................................

(३) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

**४४.** लेखा व्यवस्थापन

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्यायको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न वेग्लै लेखा शाखा खडा गरी कुनै कर्मचारी वा शिक्षकलाई लेखा व्यवस्थापन गर्ने जिम्मेवारी दिनु पर्नेछ ।

**४५.** सामुदायिक विद्यालयको खाता सञ्चालन

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२)आधारभूत विद्यालयको खाता प्रधानाध्यापक र विद्यालय व्यबस्थापन समितिका अध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ ।

(२) माध्यमिक विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ ।

**४६.** लेखापरीक्षण तथा सामाजिक परीक्षण

™(१) सबै विद्यालयहरुले नियमित रुपमा पौष मसान्त भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्ट्रड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

™ **पहिलो संसोधनबाट संसोधन**

* **पहिलो संसोधनबाट थपीएको**

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

™(३) विद्यालयल प्रत्येक वर्षको भदौ मसान्त भित्र सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि , विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ ।

४७. छात्रवृतिको व्यवस्था गर्न सक्ने :

™(१) गाउँपालिकाले विद्यालयमा हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ । छात्रवृत्ति प्रदान गर्दा गरिब,विपन्न तथा जेहेन्दारलाई प्राथमिकतामा राखिनेछ ।

*(२) विद्यालय शिक्षा पूरागरिसकेका र उच्च शिक्षा अध्ययन गर्न आथिक अवस्था कमजोर भएका विद्यार्थीलाई समेत उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था गर्ने छ ।

*(३) अभिभावक बिहीन , अनाथ, अपाङ्ग, असाहय,अति बिपन्न विद्यार्थीहरुलाइ पालिका भित्रका वा पालिका बाहिर समेत अन्य विद्यालय, शैक्षिक सस्था, वाल संरक्षण गृह, धार्मिक आश्रम आदिमा आवासीय शिक्षा संरक्षणको लागि प्रबन्ध गर्न सकिने छ ।

४८. शुल्क सम्बन्धी व्यवस्था:

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँगकुनै किसिमको शुल्क लिन पाउने छैन ।

™(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा गाउँपालिकाले विद्यालयलाइ उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

™(८) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसँग कुनै शुल्क लिएमा गाउँपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई गाउँपालिकाले जरिवाना गर्न सक्नेछ ।

™ **पहिलो संसोधनबाट संसोधन**

* **पहिलो संसोधनबाट थपीएको**

४९. विद्यालयलाई छुट र सुविधा

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

®५० .स्रोत केन्द्रको स्थापना

## विविध

५१ .विद्यालयको विधानः

(१) यो ऐन र प्रचलित कानुनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन पक्रिया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरिएको विधान अभिभावक सभाबाट पारित गराई लागू गर्नु पर्नेछ ।

(२) अभिभावक सभाले विधान आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

(३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

™(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट १५ दिन भित्र व्यवस्थापन समितिले गाउँ पालिका कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ ।

५२. गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिने छ । यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन , विद्यालयलाई थप सुविधा प्रदान र आवस्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

*५३. गाउँपालिकामा रहेका प्राबिधिक विद्यालय तथा प्रश्तावित नमूना विद्यालयलको शैक्षिक गुणस्तर सुधार गर्न गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत,शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख, सम्बन्धित वडाको वडाध्यक्ष, सम्बन्धित वडाका विद्यालयका प्रधानाध्यापकहरु तथा विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघका अध्यक्ष समेतको शैक्षिक सुधार समिति रहने छ ।

१. शैक्षिक सुधार समितिका काम कर्तब्य र अधिकार

(क) प्राबिधिक विद्यालय तथा प्रश्तावित नमुना विद्यालयले शैक्षिक सत्रको शुरुमा विद्यालयको समग्र योजना निर्माण गर्ने ।

(ख) अर्ध वार्षिक र वार्षिक परीक्षा पछि समीक्षा गर्ने ।

(ग) शैक्षिक सत्रको अन्त्यमा प्रतिबेदन तयार गर्ने ।

**® पहिलो संसोधनबाट झिकिएको**

**™ पहिलो संसोधनबाट संसोधन**

*** पहिलो संसोधनबाट थपीएको**

५४. गाउँपालिकाले निर्देशन दिन सक्नेः

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

५५. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।

५६. बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन, दुर्व्यवहार गर्न पाइने छैन ।

५७. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन :

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

*(३) उपदफा (१ र २)मा जे सुकै लेखिएता पनि शैक्षिक गुणस्तर बृद्धि गर्न अभिभावकको सहयोगमा अतिरिक्त कक्षा, कोचिङ कक्षा, टयुसन कक्षा संचालन गर्न यो ऐन बाधा भएको मानिने छैन ।

५८. प्रगति विवरण बुझाउनु पर्ने : सामुदायिक तथा संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिएबमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

५९. शिक्षा विकास कोष

१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गर्न सक्नेछ ।

२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) कोषको सञ्चालन गाउँपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, गाउँशिक्षा समितिले स्थानीय शिक्षाबिद तथा शिक्षा अधिकृत रहेको समितिबाट हुनेछ ।

* **पहिलो संसोधनबाट थपीएको**

*६०. विद्यार्थी कल्याणकारी कोष :

१) विद्यालयले विद्यार्थीहरुको कल्याणका लागि पूर्व शिक्षक तथा वर्तमान शिक्षक, विद्यार्थी, अभिभावकबाट सहयोग लिई कोष खडा गर्ने सकिनेछ ।

२) कोष संचालनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभापक संघ र शिक्षक तथा बिद्यार्थी समेतको समिति रहनेछ ।

*६१. विद्यालय सञ्चालन संबन्धी अधिकार :

(१) गाउँ शिक्षा समितिले आवस्यक ठानेमा विद्यालयका प्रधानाध्यापक हरुलाई शैक्षिक गुणस्तर बृद्धि गर्न र व्यवस्थीत रुपमा विद्यालय सञ्चालन गर्न आवश्यक पर्ने थप अधिकारहरु प्रदान गर्न सक्नेछ ।

*(२) गाउँ शिक्षा समितिले विद्यालयको प्रधानाध्यापक लाई आवश्यक राय सल्लाह सुझाव समेत दिन सक्नेछ ।

*(३) उपदफा १ र २ बमोजिम विद्यालय संचालन गर्ने प्रधानाध्यापक तथा उत्कृष्ट नतिजा ल्याउने शिक्षकलाई प्रोत्साहन तथा पुरस्कार गर्न सक्नेछ ।

*(४) उपदफा १ र २ बमोजिम कार्य गर्न नसक्ने प्रधानाध्यापक तथा शिक्षकलाई गाउँ शिक्षा समितिले सचेत गराउने, स्पष्टीकरण सोध्ने र विभागीय कारबाहीका लागि सिफारिस समेत गर्न सक्नेछ ।

६२) दण्ड सजायः

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी विगो बमोजिम जरिवानागर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोगपुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोके वमोजिम सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्यगरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्ने प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमालिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(झ) कानुन विपरीतको अन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिने छ ।

* **पहिलो संसोधनबाट थपीएको**

६३. पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानुन वमोजिम पुनरावेदन लाग्नेछ ।

६४. नियम बनाउने अधिकारः

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

६५. शिक्षा परामर्श सभा गठन गर्न सक्ने :

गाउँ कार्यपालिकाले आवश्यक ठानेमा समग्र शिक्षाको स्थिति पहिचान गरी शैक्षिक उन्नयनका लागि आवश्यक परामर्श दिन एक सर्वपक्षीय वृहत शिक्षा परामर्श सभा गठन गर्न सक्ने छ ।

*६६ .भूगोल र नजिकको विद्यालयको दूरी समेत मध्यनजर गरी एउटा कक्षामा दुई अंकको विद्यार्थी संख्या नभएमा

गाउँ शिक्षा समितिले कक्षा घटाउने तथा नजिकको विद्यालयमा समायोजन गर्न सक्ने छ ।

*६७. बैकल्पिक शिक्षकको व्यवस्थाा :

१) कुनै एक शिक्षक एक महिना भन्दा बढी विदामा बसेमा सो अवधिको लागि गाउँपालिकाले वैकल्पिक शिक्षकको व्यवस्था गर्न सक्नेछ ।

२) उपदफा १ को कार्यान्वयनको लागि गाउँपालिकाले अनुदानमा शिक्षक व्यवस्था गर्ने अथवा गाउँपालिकाका पुल दरबन्दीमा रहेका शिक्षकबाट काजमा खटाई व्यवस्था गर्न सक्नेछ ।

६८. संक्रमणकालीन व्यवस्था :

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

६९. बाधा अडकाउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ पालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

७०. बचाउ र लागू नहुनेः

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिनागरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३)संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ ।

(४) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक, कर्मचारीहरुलाई नेपाल सरकारबाट दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन , तर यो व्यवस्थाले कानुन वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

*** पहिलो संसोधनबाट थपीएको**

# समाप्त